# धार्चे गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः २

मितिः २०८१/४/१८

## भाग-२

## धार्चे गाउँपालिका

# आवासीय छात्रावास संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि -२०८१

**प्रस्तावना**

नेपालको संविधान(२०७२) ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक अधिकारको रुपमा स्थापित गर्नुका साथै अनुसूची ९ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको, स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को ११(ज) मा नि : शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्वन्धी कार्य स्थानीय तहले सम्पादन गर्न सक्ने उल्लेख भएको सन्दर्भमा यस गाउँपालिकाले विद्यालय तहको शिक्षामा समन्यायिक पहुँच र समता कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयोजनार्थ आवासीय रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिस्चितता गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय सरकारको अनुदान, सेवामूलक संघसंस्था र व्यक्तिहरुबाट समेत श्रोत जुटाई आवासीय छात्रावास संचालन गर्न, छात्रावासमा विद्यार्थी छनौटका आधारहरुलाई पारदर्शी बनाई अध्ययनरत बालबालिकाको सुरक्षा, संरक्षण, सहभागिता एबम विकासलाई दृष्टिगत गरी गुणस्तरीय शिक्षाको सुनिस्चितता गराउन गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -एक

### १.संक्षिप्त नाम र प्रारम्भ

**क**) यो कार्यविधिको नाम आवासीय छात्रावास संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि -२०८१ ' रहेको छ ।

ख)यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि धार्चे गाउँपालिका भित्रका तोकिएका विद्यालयमा मात्र लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'गाउँपालिका' भन्नाले धार्चे गाउँपालिकालाई जनाउनेछ ।

ख)'प्रमुख' भन्नाले गाउँपालिका अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्तिलाई बुझाउछ ।

ग)'विद्यालय' भन्नाले स्थानीय तहबाट संचालन भएको वा स्थानीय तहबाट स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले कार्यविधि प्रारम्भ हुदाँका बखत प्रचलित कानुनबमोजिम स्थापना भई संचालनमा रहेका गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुलाई समेत जनाउनेछ ।

घ)'छात्रवृत्ति' भन्नाले यस कार्यविधिले तोकेको आधारमा छनौट भएका विद्यार्थीहरुले सःशुल्क र निःशुल्क अध्ययन गर्नका लागि उपलव्ध गराईएको सुविधालाई जनाउनेछ ।

ङ) 'छात्रावास' भन्नाले तोकिएका विद्यालयमा छनौट भई अध्ययनरत विद्यार्थीहरुका लागि प्रदान गरिने, भोजन, शैक्षिक सामग्री,पठनपाठन व्यवस्था, सुरक्षा,संरक्षण तथा मनोरन्जन, परामर्श लगायतका सेवासहितको आवास सुविधालाई जनाउनेछ ।

च) 'छात्रावास व्यवस्थापन समिति' भन्नाले तोकिएको विद्यालयमा छात्रावास संचालन तथा व्यवस्थापन गर्नका लागि गठित समितिलाई बुझिनेछ ।

छ) 'तोकिएको विद्यालय' भन्नाले गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाले निर्णय गरी आवासीय छात्रवृत्ति संचालन गर्न छनौट भएको विद्यालयलाई बुझिनेछ ।

ज) 'समिति' भन्नाले छात्रावास संचालन तथा व्यवस्थापन समितिलाई जनाउनेछ ।

## परिच्छेद-२

### २.आवासीय छात्रावासको अवधारणा, उद्धेश्य र नीति

२.१ अवधारणा

विद्यालय तहको शिक्षामा समन्यायिक पहुँच र समता कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने, लक्षित विद्यार्थिहरुलाई आवासीय छात्रवृत्ति प्रयोजनको लागि धार्चे गाउँपालिकाको निर्णय बमोजिम तोकिएका विद्यालयहरुमा आवासीय छात्रावास संचालन गर्ने संघीय, प्रादेशिक र स्थानीय सरकारको अनुदान, सेवामूलक संघसंस्था र व्यक्तिहरुबाट समेत श्रोत जुटाई जेहेन्दार, विपन्न, अपाङ्ग महिला, दलित, जनजाती, कक्षा कटौतीबाट प्रभावित र प्राविधिक शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई आवासीय रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिस्चितता गर्दै ती विद्यालयहरुलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा स्थापित गर्ने ।

२.२ उद्धेश्य

१)गाउँपालिका भित्रका तोकिएका माध्यमिक विद्यालयमा आवासीय छात्रावास संचालन गर्ने,

२)तोकिएका विद्यार्थिहरुलाई आवासीय छात्रावासमा राखि अध्ययनमा प्रोत्साहित गर्ने,

३) लक्षित वर्गका विद्यार्थीहरुले निःशुल्क आवासीय छात्रवृत्ति पाउने व्यवस्था मिलाउने,

२.३ नीति

क) आवासीय विद्यालय संचालन गर्न गाउँ सभाको निर्णय बमोजिम विद्यालय समायोजन, शिक्षक दरवन्दी मिलान र विद्यालयको कक्षा कटौतीबाट प्रभावित भएका विद्यार्थीहरुलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा उपलव्ध गराउन आवासीय रुपमा छात्रावासमा अध्ययन गर्ने अवसरको सुनिस्चितता गरिनेछ ।

## परिच्छेद -३

३.१ छात्रावास संचालन तथा व्यवस्थापन समिति

१.छात्रावास संचालन तथा व्यवस्थापनको लागि देहायबमोजिमको व्यवस्थापन समिति हुनेछ :

क) सम्वन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

ख) छात्रावास रहेको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - सदस्य

ग)शिक्षाप्रेमीहरु मध्येबाट गाउँ प्रमुखबाट मनोनित एक जना - सदस्य

घ) शिक्षा समितिले तोकेको व्यक्ति -सदस्य

ङ)छात्रावास वार्डेन -सदस्य

च) सम्वन्धित विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष -सदस्य

छ) विद्यालयका प्रधानाध्यापक -सदस्य-सचिव

२) समितिले आवश्यकता अनुसार स्थानीय तहका प्रमुख एवम विज्ञहरुलाई समेत बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

३) मनोनित सदस्यको पदावधी ३ वर्षको हुनेछ ।

४) अध्यक्षले आफ्नो अधिकार समितिका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन ।

५) समिति धार्चे गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रति उत्तरदायी हुनेछ ।

६) बैठक तथा अन्य कार्यविधि समिति आफैले व्यवस्था गर्न सक्नेछ ।

७)आवश्यकता अनुसार विभिन्न कार्यको कार्य प्रकृतिका आधारमा समितिले उप- समिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

३.२ छात्रावास संचालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

**छात्रावास संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

१) छात्रावास संचालन तथा व्यवस्थापन सम्वन्धी नीति, योजना तर्जुमा र कार्यान्वयन गर्ने,

२) छात्रावास संचालनको लागि श्रोत जुटाउन सरकारी तथा अन्य संघ-संस्था, व्यक्ति सँग समन्वय गर्ने,

३) छात्रावासमा आवश्यक पर्ने भौतिक,मानवीय तथा अन्य श्रोत साधनको प्रवन्ध गर्ने,

४) कुनै संस्था,व्यक्तिले सेवामुखी अभिप्रायले (एकलाख भन्दा बढीको ) अक्षयकोष स्थापना गर्न चाहेमा अनुमती दिने,

५) छात्रावासमा अध्ययनरत विद्यार्थीहरुको छनौटका मापदण्डहरु र कोटा निर्धारण गर्ने,

६) छात्रावास संचालन गर्ने संस्था तथा कर्मचारीको क्षमता अभिबृद्दीका निमित्त तालिम, गोष्ठी जस्ता कार्यको योजना बनाई कार्यान्वयन गर्ने,

७) छात्रावासमा बस्ने विद्यार्थीको अभिलेख चुस्त,दुरुस्त राख्ने,राख्न लगाउने,

८) समय समयमा खानाको गुणस्तर तथा आवासको परिक्षण गर्ने गराउने,

९) आर्थिक वर्ष व्यतित भएको ४५ दिनभित्र छात्रावास संचालन तथा व्यवस्थापन गतिविधिको वार्षिक प्रतिवेदन विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिलाई बुझाउने,

१०)विद्यालयको छात्रावासको व्यवस्थापन, रेखदेख र नियमन गर्ने,

११)छात्रावासका लागि छनौट भएका विद्यार्थीको विवरण स्वीकृतिको लागि गाउँ शिक्षा समितिमा आवासीय विद्यार्थी छनौट समितिले पेश गर्नुपर्नेछ ।

१२)छात्रावासका लागि छनौट भएका विद्यार्थीको विवरण स्वीकृतिका लागि प्रत्येक वर्षको जेष्ठ १५ गते सम्ममा वार्षिक कार्यक्रम बनाई  शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्ने,

**३.३ छात्रावास सम्वन्धी विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार**

१) छात्रावासको नियमित संचालन गर्नका लागि भौतिक, शैक्षिक, मनोसामाजिक तथा अतिरिक्त क्रियाकलापको व्यवस्थापनमा छात्रावास संचालन तथा व्यवस्थापन समितिलाई सहयोग गर्ने,

२)खानाको गुणस्तर तथा आवासको परिक्षण गर्ने, गराउने ,

३)विद्यार्थीहरुको गुनासो सुन्ने सोको आधारमा उपयुक्त ठहरिएका बुँदाको कार्यान्वयन गर्ने,सुनुवाई गर्ने,छात्रावास संचालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने,

४) आर्थिक वर्ष व्यतित भएको ४५ दिन भित्र छात्रावास संचालन तथा व्यवस्थापन समितिको प्रतिवेदन ग्रहण गरी प्रभावकारिताको अध्ययन गरी आवश्यक व्यवस्था गरिदिने साथै छात्रावास संचालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने,

## ३.४ शिक्षा, युवा तथा खेलकूद शाखाको काम, कर्तव्य र अधिकार

१) नियमित रुपमा छात्रावासको अनुगमन एवम निरीक्षण गर्ने र आवश्यक सुझाव दिने,

२)विभिन्न निकायले दिएको उचित निर्देशन,सहयोगको पालना भए, नभएको हेर्ने,

३)प्रत्येक वर्ष छात्रावास संचालन तथा व्यवस्थापन समितिले पेश गरेको वार्षिक कार्यक्रम अध्ययन गरी स्वीकृतिका लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने,

४)उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कारका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

५)छात्रावास व्यवस्थापन तथा संचालन समितिबाट प्राप्त वार्षिक कार्यक्रम उपर राय सहित स्वीकृतिको लागि गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

## ३.५ शिक्षा समितिको काम, कर्तव्य र अधिकार

१) छात्रावास संचालन तथा व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन ग्रहण गरी कार्यान्वयन गर्ने,

२)छात्रावास संचालनका लागि छात्रावास तथा व्यवस्थापन समितिले पेश गरेको वार्षिक कार्यक्रम अनुमोदनका गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

३)छात्रावासको अनुगमन एवम निरीक्षण गरी छात्रावास संचालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने,

४) छात्रावास संचालनका लागि आवश्यक श्रोत र साधनको व्यवस्थापनमा सहयोग गर्ने ।

## ३.६गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार

१) छात्रावासको अनुगमन एवम निरीक्षण गर्ने साथै निर्देशन दिने,

२)गाउँ शिक्षा समितिबाट सिफारिस भई आएका छात्रावास समवान्धि कार्यलाई स्वीकृत गर्ने वा स्वीकृतिका लागि गाउँ सभामा सिफारिस गर्ने,
३)छात्रावास संचालनका लागि आवश्यक श्रोतको व्यवस्थापन गर्ने,
४)शिक्षा,युवा तथा खेलकूद शाखा बाट छात्रावास संचालनको लागि प्राप्त वार्षिक कार्यक्रमलाई विश्लेषण गरि स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने ।

## ३.७ गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार

१)छात्रावासको अनुगमन एवम निरीक्षण गर्ने र देखिएका विषयमा आवश्यक निर्देशन दिने,
२)पेश भएको वार्षिक कार्यक्रम स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ,
३) छात्रावास संचालनका लागि आवश्यक आर्थिक श्रोतको व्यवस्थापन गर्ने,
४)छात्रावास संचालनका लागि आवश्यक कानुनी व्यवस्था गरी पारित गर्ने,

## ३.८ छात्रावास संचालनार्थ श्रोत व्यवस्थापन

१) छात्रवृति संचालनको लागि एक स्थायी कोष हुनेछ, जसमा देहायका शिर्षक अन्तर्गतका रकम जम्मा गर्न सकिनेछ :
क) संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान,
ख) गाउँपालिकाबाट विनियोजित बजेट,
ग) गाउँपालिकाले तोकेको अन्य कर, दस्तुर,
घ)सेवाभावले गैरसरकारी तथा अन्य संघ,संस्थाबाट प्राप्त सहयोग,
ङ)समुदाय वा समुदाय भन्दा बाहिरका व्यक्तिबाट अक्षयकोष,दान उपहार र सहयोग,
च)विद्यालयको आन्तरिक श्रोत,
छ)अभिभावक सहयोग शुल्क,

## ३.९ छात्रावास संचालन तथा व्यवस्थापन खर्च

आवासीय छात्रावास संचालन तथा व्यवस्थापन खर्च देहायबमोजिम हुनेछ ।
क)विद्यालयले प्रस्तावना सहितको आवासमा रहने विद्यार्थीको संख्या एकिन गरी रकम मागको निवेदन पेश गर्ने ।

ख) निशुल्क आवासमा रहने विद्यार्थीका लागि प्रति विद्यार्थी आवास,खाना, खाजा,सरसफाई तथा शैक्षिक वापत माषिक रू.३०००। का दरले वार्षिक दस महिनाको रकम आवासीय छात्रावास संचालन खर्च गाउँपालिकाले उपलव्ध गराउनेछ ।

ग)आवासीय विद्यालयको भान्सा कोठा, भोजन कोठा, खानेपानी, बस्ने र सुत्ने कोठा, शौचालय र खेलमैदान सफा र स्वस्थ हुनेगरी आवश्यक व्यवस्था मिलाउने

घ)आवास शुल्क गाउँ शिक्षा समितिको प्रस्तावमा गाउँकार्यपालिकाले समयानुकुल संसोधन गर्न सक्नेछ ।

ङ)छात्रावास संचालन वापत आवश्यक रकमलाई सम्वन्धित विद्यालयको खातामा शिक्षा,युवा तथा खेलकूद शाखाको सिफारिसमा गाउँपालिकाको लेखा शाखा मार्फत रकम पठाइने छ ।

## परिच्छेद - चार

### ४.१ आवासीय विद्यार्थी छनौट समिति

**१) आवासीय विद्यार्थी छनौट गर्दा देहायमा उल्लेखित एक समिति गठन गरिनेछ ।**

(क) प्रधानाध्यापक - अध्यक्ष

(ख) गाउँ शिक्षा समितिबाट मनोनित दुईजना विज्ञ शिक्षक -सदस्य

(ग) छात्रावास सञ्चानल तथा व्यवस्थापन समितिबाट आवासिय विद्यालयमा कार्यरत एक जना माध्यमिक शिक्षक - सदस्य सचिव

**२) विद्यार्थी छनौट समितिको काम, कर्तव्य र अधिकार देहायनुसार हुनेछ** ।

(क) आवासीय विद्यार्थी संख्याको पहिचान गर्ने,

(ख) आवासिय विद्यार्थी भर्नाका लागि प्रत्येक वर्ष कोटा निर्धारण गरी १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने,

(ग) यदि आवासिय छात्रावासमा रही अध्ययनरत विद्यार्थीले छात्रावास छाडेमा वा यस विद्यालयमा अध्ययन गर्न छाडेमा त्यस्तो कोटा खाली भएको हो सोही कक्षमा सोही वर्गको विद्यार्थी शैक्षिक सत्रमा सुरुमा तोकिएको छनौट प्रकृया पुरा गरेर राख्न सकिनेछ,

(घ) छनौट प्रकृया पुरा भई समितिले गरेको विद्यार्थी संख्यालाई गाउँ शिक्षा समितिमा शिक्षा युवा तथा खेलकुद शाखामार्फत निर्णयार्थ पेश गर्ने ।

३) मनोनित सदस्यको कार्य अवधि ३ वर्षको हुनेछ,

४) आवश्यक भएमा अन्य विज्ञ शिक्षक आवासिय विद्यार्थी छनौट समितिका अध्यक्षले मनोनित गर्न सक्नेछन् यस्ता विज्ञको पदावधि बढीमा एक परीक्षण कालका लागि मात्र हुनेछ ।

**४.२ विद्यार्थी छनौटका आधारहरु**

(क) छात्रावासमा रहने विद्यार्थीको कोटा छात्रवृति सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरे अनुसार हुनेछ ।

(ख) विद्यार्थीहरुको छनौटको प्रक्रिया अनुसूची १ उल्लेख गरिएको अनुसारको आधारहरुमा रही गरिनेछ ।

४.३ छात्रावास सञ्चालनका लागि न्युनतम आधार एवम् आधार मापदण्डहरु अनुसुची २ बमोजिम हुनेछ ।

**परिच्छेद-पाँच**

**कर्मचारी व्यवस्थापन**

**छात्रावास दैनिक सञ्चालन गर्न देहायनुसारका कर्मचारीको व्यवस्थापन गरिनेछ :-**

**५.१ छात्रावास वार्डेन**

(क) विद्यालयमा कार्यरत पुरुषलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा सञ्चालन तथा व्यवस्थापन समितिले छात्रावास वार्डेनको व्यवस्था गर्नेछ ।

(ख) छात्रावास वार्डेन लाई गाउँ कार्यपालिकाले तोकेनुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

(ग) छात्रावास वार्डेनको काम, कर्तव्य र अधिकार

- छात्रावासको रेखदेख गर्ने
- छात्रावासमा आवासिय विद्यार्थीको रेखदेख, हेरचाह र निर्देशन गर्ने,
- छात्रावासमा आवासिय विद्यार्थीको स्वास्थ्य हेरचाह गर्ने, प्राथमिक उपचार गर्ने र जटिल अवस्थाको बिरामी परेमा निजको अभिभावकलाई जानकारी गराउने वा बुझाउने,
- छात्रावासको भान्साको अनुगमन तथा निरिक्षण गर्ने, आवश्यकता अनुसार निर्देशन दिने साथै समितिमा प्रतिवेदन पेश गर्ने,

माथि जुनसुकै कुरा लेखिएको भए पनि वार्डेनको लागि स्रोत व्यवस्थापन नभएमा शिक्षकहरुलाई नै आवासिय सुविधा उपलब्ध गराई वार्डेन कै रुपमा जिम्मा दिन सकिने छ । ।

## परिच्छेद -६

### अनुगमन सम्वन्धी व्यवस्था

### ६.१ छात्रावास अनुगमन समितिको गठन :

१) छात्रावासहरुको अनुमति तथा अनुगमन गर्न गाउँपालिकामा देहायबमोजिमको अनुगमन समिति रहनेछ ।

क) उपाध्यक्ष, गाउँपालिका - संयोजक

ख) छात्रावास रहेको सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य एक जना - सदस्य

ग) गाउँपालिकाको सामाजिक विकास शाखा प्रमुख वा महिला बालबालिका शाखाको अधिकृत स्तरको कर्मचारी एक जना -सदस्य

घ)इलाका प्रहरी कार्यालयले तोकेको प्रहरी अधिकृत एक जना - सदस्य

ङ)छात्रावास संचालकहरु मध्येबाट गाउँ शिक्षा अधिकारीले मनोनित गरेको एक महिला सहित दुई जना- सदस्य

च)अनुगमन समितिले तोकेको छात्रावास सम्वन्धी विषय विज्ञ वा वा होटेल व्यवसायी एक जना -सदस्य

छ)अनुगमन समितिले तोकेको खाद्यपरिक्षण तथा पोषण क्षेत्र हेर्ने गाउँपालिकाको कर्मचारी वा सो विषय क्षेत्रका विज्ञ एकजना -सदस्य

ज)गाउँपालिकाको शैक्षिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको अधिकृत एकजना -सदस्य सचिव

२) सामान्यतः अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकको अन्य प्रवन्ध समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

### ६.२ अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) गाउँपालिकाभित्र संचालनमा रहेका छात्रावासहरुको अद्यावधिक विवरण तयार गर्ने तथा अनुगमन गर्ने कार्यविधि र चेकलिस्ट निर्धारण गर्ने,

ख) अनुगमनको क्रममा बिना दर्ता वा स्वीकृत मापदण्ड तथा सर्त विपरित संचालित छात्रावासहरु फेला परेमा त्यस्ता छात्रावासहरुका लागि निश्चित समयभित्र यस मापदण्ड बमोजिम संचालन गर्न निर्देशन गर्ने र सो निर्देशनको पालना नगरेमा गाउँपालिकाको शिक्षा ऐन बमोजिम कारवाही गर्ने ।

ग) गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका छात्रावासहरुको कार्यतालिका बनाई अनुगमन गर्ने तथा सोको प्रतिवेदन तयार गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्ने ।

घ) यो मापदण्ड लागु गर्दा कुनै समस्या देखिएमा वा मापदण्डमा कुनै व्यवस्था परिमार्जन वा थपघट गर्नुपर्ने देखिएमा सो सम्वन्धमा राय सहित गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

ङ) छात्रावास संचालन समितिहरुसँग समन्वय गरी छात्रावास संचालनलाई थप प्रभावकारी बनाउने सन्दर्भमा आवश्यकताअनुसार गोष्ठी, सेमिनार,अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रमहरु  संचालन गर्ने ।

च) कुनै छात्रावास सम्वन्धमा परेका उजुरीउपर छानविन गरी सोको प्रतिवेदन प्राप्त गरी आवश्यक कारवाही गर्ने र न्यायिक निर्णय गर्नुपर्ने भएमा गाउँपालिकाको न्यायिक समितिमा पेश गर्ने ।

## परिच्छेद -७

### ७.विविध

**१) आवासीय विद्यार्थीले देहायअनुसारको सुविधा पाउनेछन् :**

क) खाना र खाजा

ख)बेड बिस्तारा, बस्ने कोठा

ग)बिरामी भएमा सामान्य उपचार तर दिर्घकालिन रोग र ठुला रोग लागेमा उपचार गर्न विद्यालय बाध्य हुने छैन , त्यस्तो अवस्थामा सम्वन्धित अभिभावकलाई विद्यालयले विद्यार्थी जिम्मा लगाउन सक्नेछ ।

२)छात्रावासमा विद्यार्थी तथा कर्मचारीले पालना गर्नुपर्ने अन्य आचारसंहिता तयार गरी देखिने गरी राख्नुपर्नेछ । उक्त आचारसंहिता विद्यालयको व्यवस्थापन समितिको समन्वयमा छात्रावास संचालन समितिले निर्धारण गरेअनुसार हुनेछ ।

३) छात्रावासको सुविधा प्राप्त गर्ने विद्यार्थी देहायको अवस्थामा बाहेक एकपटक छनौट भएपछी सम्वन्धित तहको शिक्षा पाउने अवाधिसम्म निरन्तरता पाउनेछन्। तर आवासीय विद्यार्थी देहायको अवस्थामा छात्रावासबाट हटाइनेछ ।

क) बिना जानकारी ३० दिनभन्दा बढी अनुपस्थित भएमा,

ख)आवास र विद्यालयको आचारसंहिता पालना नगरेमा वा अनुशासनहिन कार्य गरेमा,

ग) कानुनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा,

घ)छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनको लागि गलत वा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

ङ)छात्रावासलाई हानी नोक्सानी पुर्याउने कुनै किसिमको अवान्छनीय कार्य गरेमा

५) यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

६) खारेजी र बचाउ हालसम्म छात्रावास व्यवस्थापन सम्वन्धमा भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची -१

### छात्रावासमा विद्यार्थी छनौटका आधारहरु

छात्रवृत्ति संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरेको जम्मा कोटालाई सतप्रतिशत मानी देहायबमोजिम संख्या विभाजन गरिनेछ ।

| छनौटको आधार(विद्यार्थी अध्यानरत विद्यालय | प्रतिशत | कैफियत |
|---|---|---|
| धार्चे गाउँपालिका भित्र अध्यानरत विद्यार्थी | ८० | ८० प्रतिशतलाई सतप्रतिशत मानी साधारणकोटा, दलित, विपन्न,शहिद र द्वन्दपिडितका परिवार र अपाङ्ग जस्ता लक्षित वर्गका लागि हुनेछ । यदी कुनै लक्षित वर्गका लागि हुनेछ । यदी कुनै लक्षित वर्ग नभएमा त्यो कोटा साधारण कोटामा समावेस गरिनेछ । |

| | | |
|---|---|---|
| जिल्ला भित्रका अन्य स्थानीय तहका विद्यार्थी | २० | अन्य स्थानीय तहको अध्ययन गर्ने विद्यार्थी आवासीय छात्रावासमा बस्ने संख्या नभएमा आवश्यकता अनुसार यस स्थानीय तहकै विद्यार्थीलाई राखिनेछ । |
| सशुल्क | | माथि उल्लेखित निशुल्क छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अलवा आवश्यकता र विद्यार्थीको अभिभावकको इच्छा सशुल्कमा समेत भर्ना गरिनेछ । |

क) घरदेखि विद्यालय सम्म आउन र जान १/१ घण्टा भन्दा बढी समय लाग्ने विद्यार्थी हुनुपर्ने ।

ख) कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरु हुनुपर्ने ।

ग) कमजोर आर्थिक अवस्था भएका,सम्वन्धित निकायबाट गरिबीको सुचिमा परेको सिफारिस भएकालाई प्राथमिकता दिईनेछ ।

घ) अनाथ,असहाय र टुहुरा बालबालिकाहरु र जेहेन्दार विद्यार्थीलाई प्राथमिकता दिईनेछ ।

ङ) सशुल्कमा अध्ययन गर्ने विद्यार्थीको माषिक छात्रावास शुल्क गाउँ शिक्षा समितिले तोके बमोजिम छात्रावास संचालन तथा व्यवस्थापन समितिले कायम गर्नेछ ।

नोट : माथी जुनसुकै कुरा लेखिएता पनि विद्यालय समायोजन भई कक्षा समायोजन भएको विद्यालयको विद्यार्थीहरुले छात्रावासमा बस्न निवेदन दिएमा सो विद्यार्थीहरु स्वतः छनौट गरिनेछ ।

आवासीय विद्यालयमा बस्न चाहने विद्यार्थीहरुले पेश गर्नुपर्ने कागजातहरु देहायबमोजिम हुनेछ ।

क) तोकिएको ढाँचामा निवेदन एक थान,

ख) सम्वन्धित विद्यार्थीको निवेदन १ थान,
ग) विद्यार्थीको जन्मदर्ताको छायाँप्रति १ थान,
घ) घर देखि विद्यालय सम्मको दुरी प्रमाणित हुने कागजात,
ङ) गरिबी पहिचान पत्र भएमा प्रमाणित हुने कागजात,

## अनुसूची -२

**छात्रावास संचालनका लागि न्यूनतम आधार एवम मापदण्डहरु**

**१.व्यवस्थापन**

विद्यालय हाताभित्र वालमैत्री,लैंगिकमैत्री र अपाङ्गमैत्री भवन, परिसरमा घेरावार,छात्र र छात्राको लागि छुट्टाछुट्टै व्यवस्थापन,शौचालय,सफा सुग्घर भान्सा कोठा र भोजन कक्ष, स्वस्थ खानाखाजा,बत्तिको व्यवस्था,खेलकूद अतिरिक्त क्रियाकलाप र मनोरन्जनको व्यवस्था हुनेछ ।

**२.बसाई व्यवस्थापन र सुरक्षा**

कोठाभित्र र्याक र दराज,विद्यार्थीका लागि छुट्टै एउटा पलङ ,सरसफाई भएका विस्ताराहरु, प्राकृतिक प्रकोप तथा मानवीय संकटबाट सुरक्षाका लागि पुर्व तयारी,सुचना संयन्त्र आदी ।

**३.आचारसंहिता**

शारीरिक तथा मानसिक भावनात्मक हिंसा तथा दुर्व्यवहारबाट संरक्षण, बालबालिका बिरुद्द हुने भेदभावबाट संरक्षण, धुम्रपान तथा लागुपदार्थ सेवनबाट संरक्षण तथा त्यसको बेचबिखनमा रोक,इन्टरनेट अनलाईनबाट हुनसक्ने दुर्व्यवहारबाट सचेत गराउने,

**४.कर्मचारी**

वार्डेन,भान्से आदी ।

## अनुसूची -३

**(छात्रावास सुविधाको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा)**

मितिः

श्री प्रधानाध्यापक ज्यू,

श्री..........माध्यमिक विद्यालय, धार्चे गाउँपालिका, गोरखा ।

विषय : आवासीय छात्रावास सुविधा(सशुल्क/नि शुल्क )सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा श्री........... माध्यमिक विद्यालयबाट प्रदान गरिने आवासीय छात्रावास सुविधाका लागि देहायका विवरण राखी निवेदन पेश गरेको छुँ ।

१.निवेदकको नाम थरः

२.विद्यार्थीको हालको बसोबास गर्दै आएको ठेगानाः

क)प्रदेश ख)जिल्ला ग) नगरपालिका/गाउँपालिका घ) वडा नं

३)अभिभावकको नाम थर

क) बाबुको नाम थर ख) पेशा

ग)आमाको नाम थर घ)पेशा

४) अभिभावकको योग्यता

क)बाबु ख)आमा

५) अभिभावकको सम्पर्क नं : ६)छात्रवृत्तिको लागि आवेदन दिने कक्षा : ७)अघिल्लो कक्षाको नतिजा प्राप्तांक :

८) आफूले निवेदन दिन चाहेको समूह :

क)जेहेन्दार ख)विपन्न ग)महिला घ) दलित ङ)अपाङ्ग च)अन्य

१२)माथी उल्लेखित व्यहोरा ठिक छन्,झुट्टा ठहरिए कानुन अनुसार सहुँला बुझाउला र सहमती छुँ ।

नामः हस्ताक्षरः ठेगानाः

माथी उल्लेखित विवरणहरु ठिक छन् । झुट्टा ठहरिएमा कानून अनुसारको सजाय मन्जुरी छुँ ।

अभिभावकको नाम : निवेदकको नाम थर :

हस्ताक्षर : हस्ताक्षरः

आज्ञाले

काजीमान सुनार

प्रमुख प्रशासकीय अधिकृत